"समृद्ध पुतलीबजार, सुखी नगरबासी"

# पुतलीबजार नगरपालिका

# नगर कार्य्यपालिकाको कार्यालय

## स्याङ्जा

प.स : २०७७/७८ कृषि पशु शाखा

च.न :

गण्डकी प्रदेश ,नेपाल

मितिः २०७७/१०/२२

## फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल विरुवा रोपण तथा फलफूल खेती प्रवर्धन कार्यक्रम सञ्चालन सम्बन्धि सूचना !!!

यस पुतलीबजार नगरपालिकाको आ.व. २०७७०७८ को सशर्त कार्यक्रम फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल विरुवा रोपण तथा फलफूल खेती प्रवर्धन कार्यक्रम सञ्चालन गर्न पुतलीबजार नगरपालिका वडा नं ११ शंखपुर देखि सिद्धार्थ हाईवेको दाँया बाँया क्षेत्रमा सून्तलाजात फलफूल विरुवा रोपण अभियान गरिने भएकोले सो क्षेत्र अन्तर्गत पर्ने सामुदायिक वन, निजि र सार्वजनिक जग्गाका सम्बन्धित वन उपभोक्ता समिती, व्यवसायिक कृषक, टोल विकास सस्था, कृषि सहकारी, कृषक समूह, कृषि फर्म, विदेशबाट फर्केका यूवा, स्थानिय यूवा क्लबहरुले आ-आफ्नो क्षेत्र खुलाई उक्त कार्यक्रममा सहभागी हुन सूचना जारी भएको मितिले १५ दिन भित्र पुतलीबजार नगरपालिकाको कृषि शाखामा निम्न आवश्यक कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरुः**

१. विरुवा रोपण गर्ने जग्गाको किसिम (निजि वा सार्वजनिक) र क्षेत्रफल खुलेको निवेदन

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

३. टोल विकास सस्था, वन उपभोक्ता समिती, कृषि सहकारी, समूह र फर्मको हकमा दर्ता प्रमाणपत्र र कार्यक्रम माग सम्बन्धि निर्णय

४. विस्तृत कार्ययोजना

५. जग्गा भाँडा लिई फलफूल रोपण गर्नेको हकमा कम्तिमा १० वर्षको करार सम्झौता गरेको प्रमाणको प्रतिलिपि

६. वडा कार्यालयको सिफारिस

.....................

पुरुषोत्तम शर्मा

प्रमुख प्रशासकीय अधिकृत

पत्रचार ठेगाना :पुतलीबजार नगरपालिका-१, स्याङ्जा, फोन नं. ०६३-४२००८०,४२०४०९, ई-मेल :putalibazarmun@gmail.com, info@putalibazarmun.gov.np. website:www.putalibazarmun.gov.np